काठमाडौं महानगरपालिका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०८३

वायु प्रदुषणका कारण जनस्वास्थ्यमा पर्ने गरेको तथा पर्नसक्ने प्रतिकुल असरलाई न्यूनिकरण गर्न, महानगरपालिका क्षेत्रलाई वातावरणीय स्वच्छता कायम गर्न, महानगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकलाई पालना गर्न र काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तथा काठमाडौं महानगरपालिका प्रदुषण नियन्त्रण मापदण्ड, २०८१ बमोजिम प्रदुषण रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सघाउ पुऱ्याउन काठमाडौं महानगरपालिका नगर कार्यपालिकाकाले देहाय अनुसारको काठमाडौं महानगरपालिका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०८३ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य १ वायु प्रदुषण रोकथाम तथा न्यूनीकरणको लागि नीतिगत, कानूनी, संस्थागत र आर्थिक व्यवस्था सुदृढ गर्ने।					
रणनीति क्षेत्र १.१ नीतिगत तथा कानूनी व्यवस्था सम्बन्धमा					
१	वायु प्रदुषणसंग सम्बन्धित काठमाडौं महानगरपालिकाको नीति नियम, कार्यविधि, मापदण्डको आवधिक समिक्षा गरि आवश्यक परिमार्जन गर्ने साथै विभिन्न क्षेत्रगत सुझाव अनुसार आवश्यक नँया नीति/ मापदण्ड निर्माण प्रकृयालाई सरल, छरितो, र दुरुपयोग नहुने गरी अनुगमन संयन्त्र सहित अघि बढाउने । यसलाई कामपाको आवधिक योजनामा समेत समावेश गर्ने ।	एक वर्ष	वायु प्रदुषणसंग सम्बन्धित का.म.पा.को नीति नियमहरुको समिक्षा भई सुधार भएको तथा आवश्यक नँया कार्यविधि स्वीकृत भई लागु भएको हुने आवधिक योजनमा समावेश भएको हुने	कानून तथा मानवअधिकार विभाग	वातावरण व्यवस्थापन विभाग
२	का.म.पा. प्रदुषण नियन्त्रण मापदण्ड, २०८१ मा रहेका वायु प्रदुषण सम्बन्धि मापदण्ड पुनरावलोकन गर्ने।	एक वर्ष	वायु प्रदुषण सम्बन्धि मापदण्ड परिमार्जन भएको हुने	कानून तथा मानवअधिकार विभाग	वातावरण व्यवस्थापन विभाग/ यातायात तथा सडक सुरक्षा

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
३	विद्यालय, अस्पताल जस्ता संवेदनशील क्षेत्रमा वायु प्रदुषण कम गर्न विशेष व्यवस्था सहितको नीति र उद्योग, यातायात जस्ता प्रदुषणका प्रमुख स्रोतहरुबाट हुने प्रदुषण नियन्त्रण गर्न, विद्धुतीय सवारी, विद्धुतीय चुलो जस्ता स्वच्छ प्रविधिहरु प्रवर्धन गर्न पनि आवश्यक नीति बनाइ लागु गर्ने।	दुई वर्ष	वायु प्रदुषण नियन्त्रण सम्बन्धि नयाँ नीति नियमहरु लागु भएको हुने	का.म.पा. कानून तथा मानवअधिकार विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग
रणनीति क्षेत्र १.२ संस्थागत सुदृढीकरण सम्बन्धमा					
४	काठमाडौं महानगरपालिका वातावरण व्यवस्थापन समिति, बोर्डका सदस्य र वडा सदस्यहरुलाई वायु प्रदुषण, यसको असर र नियन्त्रणका उपाय बारे अभिमुखीकरण गर्ने।	एक वर्ष	अभिमुखीकरण कार्यक्रमहरु संचालन भएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. वातावरण समिति
५	वायु गुणस्तर रोकथाम तथा नियन्त्रणको लागि वायु गुणस्तर व्यवस्थापन कार्य समिति (Air Quality Management Action Committee) गठन गर्ने साथै प्रत्येक वडामा वायु गुणस्तर फोकल पर्सन तोक्ने।	६ महिना	वायु गुणस्तर व्यवस्थापन कार्य समिति गठन भएको हुने तथा ३२ वटै वडामा फोकल पर्सन तोकिएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा.का सम्बन्धि सबै विभागहरु, वडा कार्यालयहरु
६	प्रदूषण नियन्त्रण, तथ्याङ्क अभिलेखीकरण सुदृढीकरण, सेन्सर डेटा विश्लेषण, स्थलगत निरीक्षण तथा अनुगमनको लागि विभागीय तथा वडा कार्यालयका प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने।	वार्षिक	प्राविधिक जनशक्तिको क्षमता विकास भएको हुने	का.म.पा. प्रशासन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालयहरु, विज्ञ संस्थाहरु

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
७	का.म.पा.बाट हाल सञ्चालनमा Low-cost sensors हरूको नियमित मर्मतसम्भार, गुणस्तर जाँच (Calibration/QA-QC) गरी सञ्चालनमा नरहेका सेन्सर पुनः सुचारु गर्ने र तथ्याङ्कको लागि ड्यासबोर्ड तथा सम्बन्धित वडा कार्यालयहरू मार्फत सर्वसाधारणमा उपलब्ध गराउने।	तत्काल/ नियमित	Low-cost sensors हरु को तथ्यांक dashboard मार्फत र वडा कार्यालय मार्फत सर्वसाधारणलाई उपलब्ध हुने	का.म.पा. सूचना तथा प्रविधि विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालयहरु
८	वायु गुणस्तर व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन बारे नियमित अनुगमन गरी आवश्यक परिमार्जन गर्ने र आधारभूत तथ्याङ्क (Baseline) सहितको नतिजा खाका (Results Framework) तयार गरी वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने।	प्रत्येक वर्ष	नियमित एवं वार्षिक अनुगमनको योजना तयार गरि कार्यन्वयन गरिएको प्रतिवेदन तथा वार्षिक सार्वजनिक प्रगति प्रतिवेदन प्रकाशन भएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	वायु गुणस्तर व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु, वडा कार्यालयहरु
९	वडा तहबाट देखिने स्थानीय प्रदूषणका स्रोत (कालो धुँवा फाल्ने सवारी, खुला फोहोर जलाउने, निर्माण धुलो) उजुरी तथा समाधानका लागि निश्चित समयसीमा सहितको 'वडा—विभाग प्रेषण संयन्त्र' (Ward-to-Department Referral Protocol) स्थापना गरी सञ्चालन गर्ने।	६ महिना/ नियमित	प्रेषण संयन्त्र लागू भएको तथा वडाबाट प्राप्त उजुरीमध्ये निर्धारित समयभित्र समाधान भएका उजुरीको प्रतिशत	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. नगर प्रहरी बल, का.म.पा. सूचना प्रविधि विभाग, वडा कार्यालयहरु
रणनीति क्षेत्र १.३ आर्थिक स्रोतको सुनिश्चितता					
१०	वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ४६ मा व्यवस्था भए बमोजिम वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना गरि संचालनमा ल्याउने र कोषको अधिकतम उपयोग गर्ने।	१ वर्ष	वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना भई संचालनमा आएको हुने।	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. कानून तथा मानवअधिकार विभाग, का.म.पा. वित्त विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
११	वायु प्रदुषण रोकथाम तथा नियन्त्रणको निम्ति कार्यरत संघसंस्थाहरुलाई वायु गुणस्तर व्यवस्थापनक लागि प्राविधिक सहयोग तथा साझदारी गर्ने।	निरन्तर	संघसंस्थाहरुलाई वायु गुणस्तर व्यवस्थापनक लागि प्राविधिक सहयोग भएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. प्रशासन विभाग, वडा कार्यालयहरु
१२	वायु प्रदुषण रोकथाम तथा नियन्त्रणको निम्ति परियोजनाहरु विकास गरि कार्यान्वयनमा ल्याउने।	निरन्तर	वायु प्रदुषण रोकथाम तथा नियन्त्रणको निम्ति परियोजनाहरु विकास भएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. प्रशासन विभाग, का.म.पा. शहरी योजना आयोग
१३	वायु प्रदुषण नियन्त्रणको लागि केन्द्रिय विभाग तथा ३२ वटै वडा कार्यालयहरुको वार्षिक कार्यक्रम बनाइ आवश्यक बजेटको व्यवस्था गर्ने।	निरन्तर	प्रत्येक आ.ब.मा. महानगर र वडा तहमा वायु प्रदुषण रोकथाम तथा नियन्त्रण सम्बन्धमा बजेट विनियोजन र खर्च भएको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग ३२ वटा वडा कार्यालयहरु	का.म.पा. प्रशासन विभाग, का.म.पा. वित्त विभाग
१४	वायु प्रदुषण नियन्त्रणको लागि आवश्यकता अनुसार निजि क्षेत्र र नागरिक समाजको समेत लगानी परिचालन गर्ने।	निरन्तर	वायु प्रदुषणको लागि निजि लगानी बढ्ने छ	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य २ अव्यवस्थित फोहरमैलाबाट हुने वायु प्रदुषण न्यूनीकरण गर्नु।					
रणनितिक क्षेत्र २.१ स्रोतमा फोहरमैला घटाउने तथा वर्गीकरण					
१५	नगरवासीलाई फोहरमैलालाई स्रोतमा घटाउन र वर्गीकरण गर्न प्रेरित गर्ने (स्थायी बासिन्दा/घरधनी र अस्थायी/बहालमा बस्ने जनसङ्ख्याको फोहोर व्यवस्थापनको स्पष्ट वर्गीकरण र जिम्मेवारीसहित)) र वर्गीकृत फोहरमैला संकलन गर्न अनिवार्य गर्ने।	१ वर्ष	स्रोतमा फोहरमैला घटेको हुने तथा फोहरमैला वर्गीकृत तवरमा संकलन भएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था, वडा नम्बर ११ का तथा अन्य अनुभवी व्यक्तिहरु
१६	घरेलु तहमा कुहिने फोहरमैला व्यवस्थापन गर्न कम्पोष्टंङ प्रविधि र त्यस्को प्रयोगलाई प्रोत्साहन गरि सहुलियत दरमा कम्पोष्ट बिन वितरण गर्ने तथा विगतका फोहर व्यवस्तापन अभ्यासका सिकाईहरु (lesson learned) दस्तावेजीकरण गरि उपयोग गर्ने।	निरन्तर	कम्पोष्ट बिन वितरण र प्रयोग भएको सङ्ख्या तथा सिकाई समिक्षा प्रतिवेदन तयार भएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था
रणनितिक क्षेत्र २.२ फोहरमैलाको पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग					
१७	फोहरको पुनः चक्रिय प्रयोगलाई प्रवर्धन गर्न का.म.पा.मा ७ वटा स्थानमा Material Recovery Facility (MRF) स्थापना गरि दिगि व्यावसायिक मोडल र स्पष्ट कार्यविधि अनुसार संचालन गर्ने।	३ वर्ष	का.म.पा.मा ७ वटा स्थानमा भई दिगो व्यावसायिक मोडलमा संचालन भएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु, भौतिक पूर्वाधार मन्त्रालय, निजी क्षेत्र
१८	टेकु स्थित bio-methanation plant को मर्मत गरि प्रयोगमा ल्याउने र अन्य स्थानमा समेत waste-to-energy प्लान्ट स्थापना गर्न आवश्यक अध्ययन गर्ने[	१ वर्ष	bio methanation plant संचालनमा आएको हुनेछ।	वातावरण व्यवस्थापन विभाग	प्रशासन विभाग, बैकल्पिक उर्जा प्रबर्धन केन्द्र

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
१९	फोहोरमैला संकलन, प्रशोधन, पुनःप्रयोग र अन्तिम व्यवस्थापनको तथ्याङ्क नियमित रूपमा रेकर्ड राख्ने र स्वास्थ्य तथा खाद्य सुरक्षा मापदण्डअनुसार अनुगमन गर्ने।	निरन्तर	Waste management portal संचालनमा आएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	फोहरमैला संकलन गर्ने निजी क्षेत्र, का.म.पा. स्वास्थ्य विभाग
२०	पात पतिङ्गर जस्ता फोहर बालेर हुने वायु प्रदुषण नियन्त्रण गर्न र कुहिने फोहरबाट मल उत्पादन गर्न समुदाय स्तर र पार्कहरुमा कम्पोस्ट प्लान्ट राख्ने।	२ वर्ष	समुदाय स्तर र पार्कहरुमा कम्पोस्ट प्लान्टहरुको संचालनमा रहेको हुने।	का.म.पा वातावरण व्यवस्थापन विभाग	फोहरमैला संकलन गर्ने निजी क्षेत्र, वडा कार्यालयहरु
२१	फोहोरमैला पुनः प्रयोग गर्ने संघ संस्था र निजी क्षेत्रसंग सहकार्य गर्ने र आवश्यक सहयोग गर्ने तथा फोहोरमैला व्यवस्थापनमा संलग्न सफाइकर्मी र अनौपचारिक क्षेत्रका श्रमिक (Ragpickers) को क्षमता विकास र व्यावसायिक स्वास्थ्य सुरक्षा/उपचारको व्यवस्था गर्ने।	निरन्तर	पुनः प्रयोग गर्ने संघ संस्था र निजि क्षेत्रलाई दिईने सहयोग तथा स्वास्थ्य परीक्षण/ तालिम प्रात सफाईकर्मी संख्या	का.म.पा वातावरण व्यवस्थापन विभाग	पुनः प्रयोग गर्ने संघ संस्था र निजि क्षेत्र, का.म.पा स्वास्थ्य विभाग
रणनितिक क्षेत्र २.३ फोहरमैला संकलन तथा ढुवानी व्यवस्थापन					
२२	फोहोरमैला संकलन, स्थानान्तरण तथा ढुवानीका क्रममा खुला रूपमा फोहोर झर्ने, उड्ने तथा दुर्गन्ध फैलिने अवस्था नियन्त्रण गर्न सवारी साधनमा कभर अनिवार्य गरी धुलो तथा दुर्गन्ध नियन्त्रण गर्ने र ट्राफिक जाम तथा उत्सर्जन घटाउन व्यस्त समय (Peak Traffic Hours) बाहेकको समयमा मात्र फोहोर सङ्कलन तथा ढुवानी गर्ने।	१ वर्ष	सुरक्षित तवरले र निर्धारित गैर व्यस्त समयमा फोहरमैला संकलन, स्थानान्तरण तथा ढुवानी गर्ने सवारी साधनको संख्या बढेको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु, फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
२३	फोहरमैला स्थानान्तरण केन्द्र विशेष गरी टेकु ट्रान्सफर स्टेशन, वडा नम्बर १२ तथा संकलन स्थलमा धुलो, दुर्गन्ध र खुला फोहर नियन्त्रणका उपाय लागू गर्ने तथा सार्वजनिक स्थानमा राखिएका डस्टबिनहरूको नियमित तालिकाबद्ध सङ्कलन सुनिश्चित गर्ने।	निरन्तर	मापदण्ड पालना भएका स्थानान्तरण केन्द्र तथा संकलनस्थलको संख्या र नियमित संकलन हुने डस्टविबको प्रतिशत	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था
रणनीतिक क्षेत्र २.४ फोहरमैला तथा प्लाष्टिक फाल्ने, बाल्ने/ जलाउने कार्यमा नियन्त्रण					
२४	सबै प्रकारको फोहरमैला तथा प्लाष्टिक बाल्ने/ जलाउने तथा खुला स्थान र नदी किनारामा फोहर फाल्ने कार्यको प्रतिबन्ध गर्ने र प्रतिबन्धित कार्य गर्नेलाई वडास्तरीय निगरानी गरि कानूनी दायरामा ल्याउने ।	निरन्तर	फोहरमैला तथा प्लाष्टिक बाल्ने वा जलाउने तथा नदी/ खुला स्थानमा फोहर फाल्ने संख्या कम भएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था, का.म.पा नगर प्रहरी बल
२५	खुला जलाउने कार्यको जोखिम बढी भएका क्षेत्रको पहिचान गरी लक्षित अनुगमन तथा वडा स्तरीय खुला फोहर नजलाउने अभियान (No open burning campaign) र तत्काल उजुरी संयन्त्र सञ्चालन गर्ने।	१ वर्ष	जोखिम क्षेत्रको सूची तथा अनुगमन संख्या र उजुरी समाधान संख्या	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था नगर प्रहरी बल
रणनितिक क्षेत्र २.५ जनचेतनामूलक कार्य संचालन					
२६	फोहरमैला व्यवस्थापनबारे समुदाय, टोल सुधार समिति र घरधनी/बहालवालालाई परिचालन गरी जनचेतनामूलक कार्यक्रम (सडक नाटक, घरदैलो कार्यक्रम आदि) संचालन गर्ने ।	निरन्तर	जनचेतनामूलक कार्यको संख्या	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
२७	घर, विद्यालयहरुमा र समुदाय स्तर मै फोहर पुनः प्रयोग गर्न "Recycle Kathmandu" अभियान संचालन गर्ने।	निरन्तर	Recycle Kathmandu अभियान संचालन भएको हुने	का.म.पा वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु , फोहरमैला संकलन गर्ने निजी क्षेत्र, स्थानीय संघसंस्था
रणनीतिक क्षेत्र २.६ स्वास्थ्य संस्थाबाट निष्काशन हुने फोहरमैलाको वातावरणीय तवरबाट व्यवस्थापन					
२८	स्वास्थ्य संस्थाबाट निष्काशन हुने हानिकारक फोहरमैला तथा निर्मलीकरण सम्बन्धमा अभिलेख राखी प्रतिवेदन तयार गर्ने।	१ वर्ष	स्वास्थ्य संस्थाबाट निष्काशन हुने हानिकारक फोहरमैला तथा निर्मलीकरण सम्बन्धमा प्रतिवेदन तयार भएको हुने	वातावरण व्यवस्थापन विभाग, का.म.पा	का.म.पा. स्वास्थ्य विभाग
२९	स्वास्थ्य संस्थाबाट निष्काशन हुने फोहरमैला व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन गरि खुला रुपमा जलाउने वा निर्मलीकरण नगरि अन्तिम बिसर्जनलाई पठाउने गरेको पाईएमा कानूनी दायरामा ल्याउने।	निरन्तर	खुला रुपमा फोहरमैला जलाउने तथा निर्मलीकरण नगरि स्वास्थ्य संस्थाजन्य फोहरमैला अन्तिम बिसर्जनको लागि पठाउने स्वास्थ्य संस्थाको संख्याम कमी आएको हुने।	वातावरण व्यवस्थापन विभाग, का.म.पा	का.म.पा. स्वास्थ्य विभाग, का.म.पा. नगर प्रहरी बल
३०	का.म.पा. स्वास्थ्य प्रवर्धन केन्द्र तथा का.म.पा. मा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट निष्काशन हुने हानिकारक फोहरमैला निर्मलीकरणको लागि Centralized treatment facility स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने।	१ बर्ष	Centralized treatment facility स्थापन सम्बन्धमा सम्भाव्यता अध्ययन तयार भई कुन ठाँउमा राख्न उपयुक्त ठाउँको पहिचान भएको हुने	का.म.पा स्वास्थ्य विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग
३१	Centralized treatment facility स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन पश्चात CTF स्थापना गर्ने।	२ वर्ष	CTF स्थापना भई संचालनमा आएको हुने	का.म.पा स्वास्थ्य विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
३२	स्वास्थ्य संस्थाहरुमा हाल प्रयोगमा रहेका waste burn technology जस्तै incineration को अनुगमन गरि कानूनी दायरामा ल्याउने।	निरन्तर	मापदण्ड पालना गरिएका Incineration को प्रयोगको वृद्दि हुने।	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. स्वास्थ्य विभाग, का.म.पा. नगर प्रहरी बल
रणनीतिक क्षेत्र २.७ औद्योगिक क्षेत्रबाट निष्काशन हुने फोहरमैलाको वातावरणीय तवरबाट व्यवस्थापन					
३३	उद्योग, कलकारखानाबाट निष्काशन हुने फोहरमैलाको अभिलेख तयार गर्ने तथा उद्योगहरूले अनिवार्य रूपमा आ-आफ्नो फोहोरमैला व्यवस्थापन योजना (Waste Management Plan) पेश गर्नुपर्ने व्यवस्था लागू गर्ने।	१ वर्ष	फोहोरमैला व्यवस्थापन योजना (Waste Management Plan) पेश गर्ने उद्योग, कलकारखानाको संख्या	वातावरण व्यवस्थापन विभाग, का.म.पा	बालाजु औद्योगिक क्षेत्र, का.म.पा. नगर प्रहरी बल, वडा कार्यालयहरु
३४	औद्योगिक फोहरलाई स्रोतमा वर्गीकरण गरि पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग हुन सक्ने फोहरलाई पुनःचक्रीय प्रयोग गर्न प्रवर्धन गर्ने	१ वर्ष	उद्योग, कलकारखानाको संख्या	उद्योग, कलकारखाना, वातावरण व्यवस्थापन विभाग, का.म.पा	उद्योग विभाग, वडा कार्यालयहरु
३५	औद्योगिक क्षेत्रका उद्योग, कलकारखानाबाट निष्काशन हुने फोहरमैला व्यवस्थापन सम्बन्धमा नियमित अनुगमन गरि खुला रुपमा जलाउने गरेको पाईएमा कानूनी दायरामा ल्याउने।	निरन्तर	खुला रुपमा फोहरमैला जलाउने औद्योगिक क्षेत्रका उद्योगहरुको संख्यामा कमी आएको हुने।	वातावरण व्यवस्थापन विभाग, का.म.पा	बालाजु औद्योगिक क्षेत्र, का.म.पा. नगर प्रहरी बल, वडा कार्यालयहरु

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ३: यातायत क्षेत्रबाट हुने प्रदुषण न्यूनीकरण गर्नु।					
रणनीतिक क्षेत्र ३.१ सवारी साधनबाट हुने प्रदुषण न्यूनीकरण गर्नु।					
३६	सवारी साधनबाट हुने प्रदुषणको छड्के चेकजाँच गरि मापदण्ड विपरित रहेका साधनहरुलाई कानूनी दायरामा ल्याउने।	त्रैमासिक/ अर्धवार्षिक अभियान	स्थलगत प्रदुषण चेकजाँच गरिएको अभियान संया तथा कानूनी दायरामा ल्याईएको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	नगर प्रहरी बल, वातावरण विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, कामपा यातायत तथा सडक सुरक्षा
३७	कालो धुँवा फाल्ने तथा अत्यधिक प्रदूषण गर्ने पुराना सवारी साधनहरूलाई वडा कार्यालय र नागरिकबाट प्राप्त प्रमाणको आधारमा तत्काल कारबाही गर्ने तथा पुराना सवारी विस्थापन गर्न सम्बन्धित निकायमा पहल र संयुक्त कार्यसमन्वय गर्ने।	तत्काल/ नियमित	कालो धुँवा फाल्ने र पुराना सवारी साधनहरुलाई कानूनी दायरामा ल्याईएको तथा विस्थापित गरिएको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. नगर प्रहरी बल, वातावरण विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, का.म.पा. यातायत तथा सडक सुरक्षा
३८	सवारी साधनको नियमित मर्मत संभार, अनावश्यक रूपमा इन्जिन चालू राख्ने (Idling) प्रवृत्ति नियन्त्रण तथा प्रदुषणबाट हुने असर सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।	तत्काल/ नियमित	जनचेतनामूलक कार्यक्रमको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	वडा कार्यालय, उपत्यका ट्राफिक प्रहरी कार्यालय

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
३९	इन्धनमा हुने मिसावट (Fuel Adulteration) नियन्त्रण गर्न सम्बन्धित नियामक निकायसँगको समन्वयमा महानगर क्षेत्रभित्रका पेट्रोल पम्पहरूमा इन्धनको गुणस्तरको अनिवार्य तथा आवधिक परीक्षण (Compulsory Fuel Quality Testing) गर्ने।	६ महिना/ नियमित	इन्धन गुणस्तर परीक्षण गरिएका पेट्रोल पम्पको सङ्ख्या र कारबाही विवरण	का.म.पा. वातावरण व्यवस्थापन विभाग	नेपाल गुणस्तर तथा नापतौल विभाग, नेपाल आयल निगम, जिल्ला प्रशासन कार्यालय, का.म.पा. नगर प्रहरी बल
रणनीतिक क्षेत्र ३.२ विद्युतीय सवारी साधनको प्रवर्धन तथा प्रयोग।					
४०	का.म.पा.मा. फोहरमैला संकलनको लागि विद्युतीय सवारी साधनको प्रयोग गर्ने।	निरन्तर	फोहरमैला संकलनको लागि प्रयोग हुने विद्युतीय सवारी साधनको संख्यामा वृद्दि भएको हुने।	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. प्रशासन विभाग
४१	का.म.पा.को प्रयोजनका लागि सम्भव भए सम्म विद्युतीय सवारी साधन मात्र प्रयोग गर्ने र यसका लागि स्पष्ट 'महानगर विद्युतीय सवारी खरिद नीति' (KMC EV Procurement Policy) तर्जुमा गरी लागू गर्ने।	१ वर्ष/ निरन्तर	EV खरिद नीति लागू भएको तथा विभिन्न प्रयोजनाका लागि प्रयोग हुने विद्युतीय सवारी साधनको संख्या वृद्दि भएको हुने।	का.म.पा. प्रशासन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. कानून तथा मानवअधिकार विभाग
४२	चर्जिंग स्टेशनको स्थापना, विशेष गरि विद्धुतीय सार्वजनिक यातयातका साधनको लागि प्रत्येक वडास्तर र महानगरका प्रमुख स्थानहरूमा विस्तार एवं प्रवर्धन गर्ने।	३ वर्ष	वडागत विवरण सहित स्थापित/सहजीकरण गरिएका चर्जिंग स्टेशनको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	वडा कार्यालय, का.म.पा. यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना, नेपाल विद्युत प्राधिकरण

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
४३	विद्धुतीय साधनको मर्मत सम्भारको लागि आवश्यक जनशक्ति विकास गर्न सहयोग गर्ने।	वार्षिक	तालिम प्राप्त जनशक्ति संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	वडा कार्यालय, का.म.पा. यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना
४४	विद्धुतिय र अन्य गाडीमा प्रयोग भैसकेका ब्याट्रीको वातावरण मैत्री तवरले व्यवस्थापन गर्न पहल गर्ने।	२ वर्ष	ब्याट्री व्यवस्थापन सम्बन्धि कार्यविधि तयार भएको हुने	का.म.पा. कानून तथा मानवअधिकार विभाग	वडा कार्यालय, यातायात स्वर्णिम योजना, का.म.पा. वातावरण व्यवस्थापन विभाग
रणनीतिक क्षेत्र ३.३ यातायात प्रणाली सुदृढीकरण तथा पार्किङ व्यवस्थापन					
४५	महानगरपालिका क्षेत्रमा Cycle lane network संचालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरी प्रमुख रुटहरूमा सुरक्षित साइकल लेन निर्माण/विस्तार गर्ने।	१ वर्ष	Cycle lane कुन कुन रुटमा संचालन गर्न सकिने सो सम्बन्धमा सम्भाव्यता अध्ययन प्रतिवेदन तयारी तथा निर्माण सुरु भएको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	सडक विभाग, उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय, का.म.पा. सार्वजनिक निर्माण विभाग
४६	महानगरपालिका क्षेत्रमा अव्यवस्थित सडक पार्किङलाई समाधान गर्न पार्किङ व्यवस्थापन अध्ययन था कार्यान्वयन गर्ने।	१ वर्ष	अव्यवस्थित सडक पार्किङ तथा पार्किङको खोजीमा हुने अतिरिक्त ट्राफिक चाप र इन्धन खपत न्यूनीकरणका लागि पार्किङ व्यवस्थापन योजना तयार भएको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
४७	पैदलयात्रीलाई सुरक्षित रुपमा सडक पार गर्न सहज हुने गरि Pelican Crossing, Zebra Crossing तथा Raised Safety Platform जस्ता पूर्वाधार निर्माण/व्यवस्थापन गर्ने।	२ वर्ष	पैदलयात्रीलाई सुरक्षित रूपमा सडक पार गर्न सहज हुने गरी उपयुक्त स्थानमा Pelican Crossing तथा Raised Safety Platform जस्ता पूर्वाधार को पहिचान र व्यवस्थापन भएको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
४८	सवारी आवागमनलाई व्यवस्थित गर्न Traffic Rerouting तथा Intersection Management गर्ने।	निरन्तर	सवारी आवागमनलाई व्यवस्थित गरी ट्राफिक चाप (Congestion) तथा इन्धन खपत न्यूनीकरणमा योगदान पुगेको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
४९	निजि क्षेत्रको सहकार्यमा साइकल सेरिंग तथा राइड-सेयरिङ (Ride-sharing) सेवाहरूको सुरक्षित सञ्चालन, नियमन र सहजीकरणको व्यवस्था गर्ने।	२ वर्ष	सञ्चालनमा आएका sharing station/साइकल संख्या तथा सहजिकरण गरिएको राईड सेयरिंगको सेवा	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
५०	विशेष गरि बालबालिका र महिलाहरुलाई साइकल चढ्न प्रोत्साहन गर्न आवश्यक तालिम र अन्य सहयोग प्रदान गर्न।	१ वर्ष	तालिम तथआ अन्य सहयोग प्राप्त भएको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
५१	संघिय राजधानी सार्वजनिक यातायात प्राधिकरणको सहकार्यमा काठमाडौं महानगरपालिकाको	३ वर्ष	योजना तथा कार्यान्वयन प्रतिवेदन र संचालनमा आएका	यातायात तथा सडक सुरक्षा	उपत्यका ट्राफिक प्रहरी कार्यालय,

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
	सार्वजनिक यातायात सुधारको योजना बनाइ लागु गर्ने र सार्वजनिक यातायातलाई विद्धुतिकरण गर्न विद्धुतीय सार्वजनिक यातायात मात्र प्रवर्धन गर्ने।		विद्युतीय सार्वजनिक बस संख्या /रुट	स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	वडा कार्यालय साझा यातायत
५२	साझा यातायातको सहकार्यमा शुरु गरिएको रात्रीकालिन बस सेवालाई प्राथमिकताका साथ विस्तार गरि अझ प्रभावकारी बनाउने।	२ वर्ष	रुट/सेवा संख्या तथा यात्रु उपयोगमा वृद्धि	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
५३	सार्वजनिक यातायात सम्बन्धि सूचना सर्वसाधारणलाई सजिलै उपलब्ध गराउन एप र अन्य सूचना प्रणालीको प्रयोग बढाउने।	२ वर्ष	डिजिटल सूचना प्रणाली सञ्चालनमा आएको हुने	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	उपत्यका ट्राफिक प्रहरी कार्यालय, वडा कार्यालय
रणनितिक क्षेत्र ३.४ उपत्यका ट्राफिक प्रहरीसंगको सहकार्यमा ट्राफिक व्यवस्थापन प्रभावकारी र सुरक्षित बनाउने					
५४	ट्राफिक व्यवस्थापनमा ट्राफिक लाइट, CCTV लगायत उपयुक्त प्रविधिको प्रयोग बढाउने।	३ वर्ष	ट्राफिक लाइट, CCTV जडान भएको संख्या	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना	का.म.पा. सूचना प्रविधि विभाग, वडा कार्यालय
५५	ट्राफिक नियम सम्बन्धि जनचेतना अभिवृद्धि गर्ने।	वार्षिक	अभियान तथा सहभागी संख्या	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
				व्यवस्थापन विभाग)	
रणनितिक क्षेत्र ३.५ पैदलयात्रा प्रवर्धन					
५६	सहरका सबै ठाउँमा अपाङ्ग-मैत्री र सुरक्षित फुटपाथको व्यवस्था गर्ने।	५ वर्ष	स्तरोन्नति/निर्माण भएको फुटपाथ लम्बाइ	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना (शहरी व्यवस्थापन विभाग)	का.म.पा. सामाजिक विभाग, वडा कार्यालय, का.म.पा. सार्वजनिक निर्माण विभाग
५७	पैदल यात्रीहरुलाई आराम गर्न बेञ्च, फल्चा जस्ता संरचनाहरुको व्यवस्था गर्ने।	३ वर्ष	स्थापित सुविधाको संख्या	यातायात तथा सडक सुरक्षा स्वर्णिम योजना	सामाजिक विभाग, वडा कार्यालय, का.म.पा. सार्वजनिक निर्माण विभाग
५८	"जिवन्त हाडीगाउँ र "सम्वृद्ध र जिवन्त असन" जस्ता गाडीरहित शनिवार अभियानलाई नियमित गरि अन्य ठाउँमा पनि विस्तार गर्ने ।	वार्षिक	गाडीरहित अभियान भएका क्षेत्र/दिन संख्या	का.म.पा. सम्पदा विभाग	कामपा सामाजिक विभाग, वडा कार्यालय, का.म.पा. सार्वजनिक निर्माण विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ४: पूर्वाधार विकासका गतिविधिबाट हुने प्रदुषण न्यूनीकरण गर्नु।					
रणनीतिक क्षेत्र ४.१. निर्माण गतिविधिबाट हुने प्रदुषण न्यूनीकरण					
५९	का.म.पा. बाट स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदनको अनुगमनलाई उच्च रुपमा प्राथमिकता दिने।	नियमित	स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदनको अनुगमन संङ्ख्या	वातावरण व्यवस्थापन विभाग	का.म.पा. शहरी व्यवस्थापन विभाग, वडा कार्यालय
६०	आयोजनाहरुले वातावरण व्यवस्थापन योजनालाई पालना गरे/ नगरेको सुनिश्चित गर्ने र वडा कार्यालयहरूमार्फत स्थानीय निर्माण स्थलहरूको निगरानी तथा उजुरी संयन्त्र लागू गर्ने।	नियमित	वातावरणीय अध्ययन अनुसार वातावरण व्यवस्थापन योजनालाई पालना गरे/ नगरेको अनुगमन संङ्ख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. शहरी व्यवस्थापन विभाग, वडा कार्यालय
६१	निर्माण कार्य गर्दा निर्माणजन्य सामाग्री सडक किनारा तथा पेटीमा भण्डारण गर्ने प्रतिबन्ध गर्ने र निर्माण तथा भत्काउने कार्यबाट निस्कने फोहोर (C&D Waste) व्यवस्थापनका लागि स्पष्ट कार्यतालिका (Work Schedule) र तोकिएको स्थलमा सकेसम्म पुनः प्रयोग गरि पुनः प्रयोग गर्न नसकिने फोहर मात्र विसर्जन गर्न अनिवार्य गर्ने। खुल्ला स्थानबाट उत्पादन हुने धुलो शिघ्र संकलन गर्ने व्यवस्था मिलाउने ।	तत्काल/ नियमित	निर्माणजन्य सामाग्री सडक किनारा तथा पेटीमा भण्डारण गर्न प्रतिबन्ध गरिएको सूचना तथा C&D waste कार्यतालिका लागू भएको हुने खुल्ला स्थानबाट उत्पादन हुने धुलो नियन्त्रण भएको हुनेछ	का.म.पा. सार्वजनिक निर्माण विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. नगर प्रहरी बल वडा कार्यालय
६२	निर्माणजन्य सामाग्री ओसारपसार गर्दा छोपेर गर्ने तथा निर्माण स्थलबाट बाहिरिने सवारी साधनको पाङ्ग्रा सफा (Wheel Washing) गरेर मात्र सडकमा निकाल्ने व्यवस्था गर्ने।	तत्काल/ नियमित	निर्माणजन्य सामाग्री ओसारपसार गर्दा छोपेर गरिएको तथा सफा गरिएका सवारी हुने	निर्माण व्यवसायी	सार्वजनिक निर्माण विभाग/ वातावरण व्यवस्थापन विभाग/ नगर प्रहरी बल

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
६३	आयोजना निर्माण स्थलमा धुलो नउड्ने गराउन संशोधितः पानीको उपलब्धताको अवस्था आकलन गरी (पानी अभाव भएका वडामा कम पानी लाग्ने विकल्पसहित) नियमित] पानी छर्कने, निर्माणजन्य सामग्री छोप्ने [संशोधितः तथा निर्माण स्थललाई पूर्ण रूपमा घेराबन्दी (Enclosed Construction Site Maintenance) गर्ने।	तत्काल/ नियमित	निर्माणजन्य सामाग्री निर्माण स्थलमा धुलो नउड्ने गरि छोपिएर र घेराबन्दी (hoarding) राखिएको हुने	निर्माण व्यवसायी	का.म.पा. सार्वजनिक निर्माण विभाग, का.म.पा. वातावरण व्यवस्थापन विभाग वडा कार्यालय
६४	संशोधितः पानीको उपलब्धताको अवस्था आकलन गरी (पानी अभाव भएका वडामा कम पानी लाग्ने विकल्पसहित) नियमित] पानी छर्कने, निर्माणजन्य सामग्री छोप्ने [संशोधितः तथा निर्माण स्थललाई पूर्ण रूपमा घेराबन्दी (Enclosed Construction Site Maintenance) गर्ने]	१ वर्ष/ नियमित	RMC प्रयोग सम्बन्धी मापदण्ड लागू भएको तथा पालना गर्ने निर्माण आयोजनाको सङ्ख्या	का.म.पा. शहरी व्यवस्थापन विभाग / सार्वजनिक निर्माण विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय
रणनीतिक क्षेत्र ४.२. सडक धुलो नियन्त्रण					
६५	सडकमा जम्मा भएको धुलोलाई mechanized प्रविधिबाट broomers, vaccumको प्रयोग प्राथमिकताका धुलोयुक्त सडक र वडाहरूले पहिचान गरेका हटस्पटहरूमा नियमित गरि सफा गर्ने।	नियमित	प्रयोग भइका Broomers बाट संकलित धुलोको परिमाण तथा नियमित ब्रुमर लगाईएका सडक किमि	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. नगर प्रहरी बल वडा कार्यालय
६६	सडकमा रहेका खाल्डा खुल्डी तत्लाक पुर्नको निम्ति Infrastructure Ambulance प्रयोगमा ल्याउन Infrastructure Ambulance सम्बन्धि कार्यविधि तयार गर्ने।	६ महिना	Infrastructure Ambulance सम्बन्धि कार्यविधि	का.म.पा. सार्वजनिक निर्माण विभाग,	का.म.पा. वातावरण व्यवस्थापन विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
६७	Infrastructure Ambulance को प्रयोग गरि तत्काल खाल्डा खुल्डी टाल्ने वा पुर्ने तथा सडक खनिएका/मर्मत गरिएका स्थानमा समयमै पुनःस्थापना (Timely Reinstatement) सुनिश्चित गर्ने।	नियमित	Infrastructure Ambulance को प्रयोग गरि तत्काल खाल्डा खुल्डी टालिएको संख्या	का.म.पा. सार्वजनिक निर्माण विभाग,	का.म.पा. वातावरण व्यवस्थापन विभाग वडा कार्यालय
६८	का.म.पा. को क्षेत्राधिकारको सडकहरु कालोपत्रे वा ढलान गर्ने।	२ वर्ष	कालोपत्रे वा ढलान गरिएको सडकको किमि	का.म.पा. सार्वजनिक निर्माण विभाग, वडा कार्यालय	का.म.पा. प्रशासन विभाग
६९	सडक तथा सडक पेटी स्तरोन्नति नियमित मर्मत सम्भार गर्ने ।	नियमित	सडक तथा सडक पेटी स्तरोन्नति भएको संख्या	का.म.पा. सार्वजनिक निर्माण विभाग, वडा कार्यालय	का.म.पा. प्रशासन विभाग
७०	सडक पेटी तथा खुला सडक किनार (Exposed Road Shoulders)] मा ब्लक पारगम्य पेभमेन्ट (Permeable Pavement)] छापी वा हरियाली प्रवर्द्धन गरी धुलो तथा माटोको फैलावट घटाउने।	२ वर्ष	सडक पेटीमा ब्लक तथा परम्परागत पेभमेन्ट छापिएको संख्या	का.म.पा. सार्वजनिक निर्माण विभाग, वडा कार्यालय	का.म.पा. प्रशासन विभाग, का.म.पा. वातावरण व्यवस्थापन विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ५: उद्योग कलकारखाना तथा प्रतिष्ठानहरुबाट हुने प्रदुषण न्यूनीकरण गर्नु।					
रणनीतिक क्षेत्र ५.१. उत्सर्जन मापदण्ड तथा अनुगमन					
७१	उद्योग प्रतिष्ठान र व्यवसायहरुमा जडान गरिएका चिम्नी, boiler तथा अन्य उत्सर्जन स्रोतहरु का.म.पा. प्रदुषण नियन्त्रण मापदण्ड बमोजिम संचालन भए नभएको आवधिक/आकस्मिक अनुगमन गर्ने । अन्य प्रदुषण नियन्त्रणका उपकरणहरु जडान भए नभएको अनुगमन गर्ने तथा उद्योगहरूले नियमित उत्सर्जन प्रतिवेदन बुझाउने व्यवस्था अनिवार्य गर्ने।	तत्काल/ नियमित	अनुगमन गरिएको संख्या तथा प्रतिवेदन बुझाउने उद्योगको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. नगर प्रहरी बल, वडा कार्यालय
७२	होटल, रिसोर्ट तथा पार्टीप्यालेस लगायतका अन्य व्यवसायिक भान्छा घरबाट निस्कासन हुने धुँवा तथा अन्य वायु प्रदुषणजन्य पदार्थ नियन्त्रणको उपायहरु अवलम्वन गराउने व्यवस्था गर्ने	नियमित	धुँवा तथा अन्य वायु प्रदुषणजन्य पदार्थ नियन्त्रण भएको हुनेछ	वातावरण व्यवस्थापन विभाग	वडा कार्यालय
७३	उत्सर्जन बढी हुने उद्योगको पहिचान गरी सुधारात्मक कार्ययोजना तथा अनुपालन समयसीमा तोक्ने।	१ वर्ष	उच्च उत्सर्जन स्रोतको सुधार संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	का.म.पा. नगर प्रहरी बल, सम्बन्धित उद्योग

	प्रदुषण नियन्त्रणका उपकरण तथा साधनहरु जडान र प्रयोग भए नभएको यकिन गरेर मात्र उद्योग दर्ता तथा नविकरण सिफारिस गर्ने	निरन्तर	उपकरण तथा साधनहरु जडान र प्रयोग भएको मात्र उद्योग सञ्चालन भएको हुनेछ	वातावरण व्यवस्थापन विभाग	वडा कार्यालयहरु
रणनीतिक क्षेत्र ५.२ स्वच्छ उर्जा					
७४	बढी प्रदुषण उत्सर्जन गर्ने ईन्धनको सट्टा बैकल्पिक तथा नविकरणीय स्वच्छ उर्जाको प्रयोगमा जोड दिने र निर्धारित समयसीमा अगावै स्वच्छ प्रविधि अपनाउने उद्योगहरूलाई प्रोत्साहन (Incentive) प्रदान गर्ने।	१ वर्ष	बैकल्पिक उर्जा प्रयोग गर्ने र प्रोत्साहन प्राप्त उद्ध्योगहरुको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उद्योग विभाग, का.म.पा. वित्त विभाग
७५	उद्योगहरुमा खपतहुने उर्जाको अडिट गर्ने र उर्जा दक्षता (Energy Efficiency) को प्रवर्धन गर्ने।	नियमित	Energy Efficiency का उपायहरु प्रयोग गर्ने उद्ध्योगहरुको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उद्योग विभाग
रणनीतिक क्षेत्र ५.३ श्रमिकको exposure control सम्बन्धमा					
७६	उद्योग र व्यवसाय बाट हुने प्रदुषणबाट बच्न (Reduce exposure) भेन्टिलेसनको व्यवस्था र मास्कको प्रयोग गर्न प्रोत्साहन गर्ने।	नियमित	भेन्टिलेसनको व्यवस्था र मास्कको प्रयोग गर्ने उद्योगहरुको संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उद्योग विभाग, का.म.पा. स्वास्थ्य विभाग
७७	उद्योग तथा प्रतिष्ठानका व्यवस्थापक/श्रमिकलाई वायु प्रदूषण नियन्त्रण तथा occupational exposure सम्बन्धी अभिमुखीकरण गर्ने।	वार्षिक	तालिम प्राप्त श्रमिक/व्यवस्थापक संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उद्योग विभाग, का.म.पा. स्वास्थ्य विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ६: शवदाहबाट उत्सर्जन हुने प्रदुषण नियन्त्रण गर्नु।					
रणनीतिक क्षेत्र ६.१ दाहसंस्कार स्थलको संरचनागत सुधार					
७८	पशुपति आर्यघाट, टेकु लगायत शवदाह स्थलको भौतिक संरचनामा आवश्यक सुधार तथा परिवर्तन गरी वायु प्रदुषण घटाउने	तीन वर्ष	संरचनागत सुधार भई वायु प्रदुषण न्युनिकरण भएको हुनेछ	वातावरण व्यवस्थापन विभाग	पशुपति क्षेत्र विकास कोष, वडा कार्यालय र अन्य गुठीहरु
७९	विद्युतीय शवदाह गृह प्रवर्धन गर्ने	नियमित	शवदाह गृह प्रवर्धन भई वायु प्रदुषण न्यूनिकरण भएको हुनेछ	वातावरण विभाग र सार्वजनिक निर्माण विभाग	गुठी तथा वडा कार्यालयहरु

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ७: शहर हरियाली तथा हरित पूर्वाधार विस्तार मार्फत प्रदुषण नियन्त्रण गर्नु।					
रणनीतिक क्षेत्र ७.१ सडक तथा सार्वजनिक क्षेत्र हरियाली सम्बन्धमा।					
८०	पैदलयात्रु र ट्राफिक व्यवस्थापनमा अफ्टेरो नपर्ने गरि सडक किनारमा उपयुक्त प्रजातिको हरियाली विकास तथा संरक्षण गर्ने।	वार्षिक	रोपिएका तथा जीवित रहेका बिरुवा संख्या १२ महिने बाँच्ने दर / survival rate सहित	का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय

८१	धुलो नियन्त्रण तथा स्थानीय वायु गुणस्तर सुधारमा योगदान गर्ने उपयुक्त रैथाने (Native)] रुख रोप्ने (विद्यमान Urban Greenery Toolkit लाई ग्यासयुक्त तथा धुलो प्रदूषक सोस्न सक्ने रैथाने प्रजातिहरू समेटेर अद्यावधिक एवं प्रवर्द्धन गर्ने र वनस्पतिविद्को सिफारिसमा आधारित प्रजाति छनोट निर्देशिकासहित) र वडास्तरमा संरक्षणको स्पष्ट जिम्मेवारी तोक्ने।	वार्षिक	रोपिएका तथा जीवित रहेका रैथाने बिरुवा सङ्ख्या अद्यावधिक Toolkit र संरक्षण जिम्मेवारी तोकिएका वडा सङ्ख्या	का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय
रणनीतिक क्षेत्र ७.२ नदी किनारा तथा खुला क्षेत्र व्यवस्थापन					
८२	नदि किनार तथा अतिक्रमित सार्वजनिक खुला क्षेत्रमा अतिक्रमण हटाइ हरियाली प्रवर्धन गर्ने।	निरन्तर	हरित बनाइएको नदी किनार/खुला क्षेत्र लम्बाइ वा क्षेत्रफल	का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. नगर प्रहरी बल
८३	नदि किनार तथा सार्वजनिक खुला क्षेत्रमा वातावरणमैत्री स्थानान्तरण केन्द्र वा अन्य उपयुक्त सार्वजनिक हरित पूर्वाधार निर्माण गर्ने।	निरन्तर	हरित बनाइएको नदी किनार/खुला क्षेत्र लम्बाइ वा क्षेत्रफल	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. सार्वजनिक निर्माण विभाग, का.म.पा. नगर प्रहरी बल
रणनीतिक क्षेत्र ७.३ पार्क तथा हरित पूर्वाधार					
८४	नगरक्षेत्र भित्रका पार्कहरूको नियमित व्यवस्थापन गर्ने र नयाँ पार्कहरूको विकास गर्ने तथा हरित क्षेत्रको नक्साङ्कन (Green Space Mapping) गरी आधारभूत तथ्याङ्क तयार गर्ने र योजना छनोटमा प्रत्यक्ष उपयोग गर्ने।	वार्षिक	अभिलेख भएका पार्क सङ्ख्या तथा Green Space Mapping डेटाबेस तयार भई उपयोग भएको हुने।	का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. सार्वजनिक निर्माण विभाग, का.म.पा. शहरी योजना आयोग, वडा कार्यालय

८५	आवश्यकता पहिचानका आधारमा नयाँ पार्क तथा pocket park विकास गर्ने।	५ वर्ष	नयाँ विकास भएका पार्क संख्या	का.म.पा. उद्यान तथा हरियाली आयोजना	का.म.पा. सार्वजनिक निर्माण विभाग, वडा कार्यालय
८६	सडक, भवन, सार्वजनिक स्थल तथा पूर्वाधार आयोजनामा हरित पूर्वाधारका उपाय (जस्तैः Vertical Wall Gardening, पारगम्य पेभमेन्ट)] समावेश गर्ने [संशोधितः तथा भवन निर्माण नक्सा पासकै चरणमा कौसी खेती (Urban/Rooftop Farming) को डिजाइन समावेश गर्न प्रोत्साहन गर्ने।	निरन्तर	हरित पूर्वाधार, Vertical Gardening र कौसी खेती डिजाइन] समावेश भएका आयोजना/भवन सङ्ख्या	का.म.पा. शहरी व्यवस्थापन विभाग, का.म.पा. सार्वजनिक निर्माण विभाग उद्यान तथा हरियाली आयोजना	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय, का.म.पा. कृषि तथा पशुपक्षी विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ८ : महानगरपालिका क्षेत्र बाहिरबाट आउने प्रदुषण कम गर्न अन्तर स्थानीय तह तथा अन्तर निकाय समन्वय गर्ने।					
रणनीतिक क्षेत्र ८.१ अन्तर—निकाय सहकार्य					
८७	संघीय, प्रदेश तथा सम्बन्धित निकायसँग प्रमुख बाह्य प्रदूषण स्रोत नियन्त्रणका लागि संयुक्त कार्ययोजना विकास गर्ने तथा निजी क्षेत्र, नागरिक समाज र सरोकारवालाहरुको अर्थपूर्ण सहभागित सुनिश्चित गर्ने।	निरन्तर	सम्झौता/ संयिक्त कार्ययोजना र बैठक सखंया	का.म.पा. वातावरण व्यवस्थापन विभाग	संघीय/प्रदेश निकाय, जिल्ला प्रशासन कार्यालय, निजी क्षेत्र तथा नागरिक समाज
रणनीतिक क्षेत्र ८.२ उपत्यका समन्वय					
८८	मेयर्स फोरम मार्फत् उपत्यकाका अन्य नगरपालिकाहरुसँग वायु प्रदुषण नियन्त्रण गर्न सहकार्य गर्ने।	निरन्तर	निर्णय संख्या	वातावरण व्यवस्थापन विभाग	प्रमुखको सचिवालय, मेयर्स फोरम, उपत्यकाका स्थानीय तह

८९	उपत्यकाका स्थानीय तहबीच वायु गुणस्तरसम्बन्धी तथ्याङ्क, सूचना तथा प्रदूषण स्रोतसम्बन्धी जानकारी आदानप्रदान गर्ने।	निरन्तर	समन्वय संयन्त्र/नियमित बैठक सञ्चालन भएको हुने	वातावरण व्यवस्थापन विभाग	उपत्यकाका स्थानीय तह
९०	काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि अन्तर—स्थानीय तह समन्वय संयन्त्र तथा नियमित बैठक प्रणाली विकास गर्ने।	६ महिना	सूचना आदानप्रदान/संयुक्त प्रतिवेदन संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उपत्यकाका स्थानीय तह
९१	बन डढेलो नियन्त्रण गर्न छिमेकि नगरपालिकाहरुमा जनचेतना, तालिम, आगो निभाउने सामग्री वितरण गर्न र अग्नि रेखा, पोखरी जस्ता संरचना बनाउन सहकार्य र सहयोग गर्ने।	वार्षिक	सहकार्य कार्यक्रम/तालिम/उपकरण संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उपत्यकाका स्थानीय तह
९२	छिमेकिका पालिकाहरुसंग सहकार्य गरि कृषि जन्य अवशेषहरु बाल्ने कामलाई निरुत्साहित गर्ने।	वार्षिक	जलाउने घटना घटेको हुने	का.म.पा. वातावरण व्यवस्थापन विभाग	उपत्यकाका स्थानीय तह

क्र.स.	**क्रियाकलाप**	**समयावधि**	**सूचक**	**जिम्मेवार विभाग**	**सहयोगी निकाय**
उद्देश्य ९: वायु प्रदुषण रोकथाम तथा नियन्त्रणका लागि अध्ययन, अनुसन्धान कार्य गर्ने ।					
रणनीतिक क्षेत्र ९.१ अध्ययन अनुसन्धान					
९३	वायु प्रदुषण रोकथाम तथा नियन्त्रणका लागि शैक्षिक, प्राज्ञिक संस्थासँग अध्ययन अनुसन्धानका लागि सहकार्य गर्ने	निरन्तर	सहकार्य भएको हुनेछ	वातावरण व्यवस्थापन विभाग	शहरी योजना आयोग र शैक्षिक तथा प्राज्ञिक संस्थाहरु

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य १०: व्यवसायिक तथा आवसिय भवनभित्रको वायु प्रदुषण न्यूनीकरण गर्ने ।					
रणनीतिक क्षेत्र १०.१ स्वच्छ उर्जा प्रवर्धन					
९४	विद्धुतीय चुलो तथा अन्य स्वच्छ खाना पकाउने प्रविधिको प्रयोग प्रवर्धन गर्ने।	निरन्तर	स्वच्छ चुलो प्रयोग गर्ने घरधुरी संख्या/प्रतिशत	का.म.पा. वातावरण व्यवस्थापन विभाग	बैकल्पिक उर्जा प्रवर्धन केन्द्र, वडा कार्यालय, समुदाय
९५	घर भित्र आगो ताप्न, खाना पकाउन वा अन्य प्रयोजनको लागि दाउरा, वा अन्य ठोस इन्धनको प्रयोगलाई निरुत्साहित गर्ने।	निरन्तर	ठोस इन्धन प्रयोग घटेको घरधुरी प्रतिशत	का.म.पा. वातावरण व्यवस्थापन विभाग	बैकल्पिक उर्जा प्रवर्धन केन्द्र, वडा कार्यालय, समुदाय
रणनीतिक क्षेत्र १०.२ भवन तथा Ventilation					
९६	भवनभित्र आवश्यक Ventilation र insulations प्रवर्धन गर्ने।	२—५ वर्ष	सचेतना/अनुगमन गरिएका भवन संख्या	का.म.पा. शहरी व्यवस्थापन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग
९७	भवन डिजाइन तथा सुधारमा ऊर्जा दक्षता तथा indoor air quality सम्बन्धी उपाय प्रवर्द्धन गर्ने।	२—५ वर्ष	सचेतना/अनुगमन गरिएका भवन संख्या	का.म.पा. शहरी व्यवस्थापन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य ११: वायु प्रदुषण, यसको असर र यसबाट बच्ने उपाय बारे जनचेतना अभिवृद्धि गर्ने।					
९८	स्थानीय समुदायको सक्रिय सहभागितामा वायु प्रदूषण सम्बन्धी एकीकृत 'वडास्तरीय मानक सचेतना प्याकेज' (Standard Ward Awareness Package) तयार गरी अनुभवी स्थानीय अगुवा तथा समुदायको परिचालनमा जनचेतना अभियानहरू सञ्चालन गर्ने।	निरन्तर	वडागत विवरण सहित अभियान तथा लाभग्राही संख्या	का.म.पा. वातावरण व्यवस्थापन विभाग	वडा कार्यालय, स्थानीय संघ, टोल सुधार समिति
९९	विद्यालयहरुमा वायु प्रदुषण नियन्त्रण सम्बन्धि क्रियाकलापहरु जस्तै ईको क्लब परिचाल, सचेतना र हरियाली गर्ने।	निरन्तर	सहभागी विद्यालय तथा विद्यार्थी संख्या	का.म.पा. शिक्षा विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. स्वास्थ्य विभाग वडा कार्यालय
१००	सामाजिक सञ्जाल र आम सञ्चार मार्फत वायु प्रदूषण, यसको असर र रोकथाम बारे सूचना प्रवाह गर्ने।	निरन्तर	सूचना संख्या	का.म.पा. सूचना तथा प्रविधि विभाग	वडा कार्यालय, का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. स्वास्थ्य विभाग
१०१	स्वास्थ्यकर्मीहरू मार्फत वायु प्रदूषणले जनस्वास्थ्यमा पार्ने असर र यसबाट बच्ने उपाय बारे संवेदनशील समूह (बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी) लक्षित जनचेतना अभियान सञ्चालन गर्ने।	निरन्तर	सहभागी स्वास्थकर्मीहरुको संख्या तथा लक्षित पुगेको पँहुच	का.म.पा. स्वास्थ्य विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय

क्र.स.	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार विभाग	सहयोगी निकाय
उद्देश्य १२: आकस्मिक तथा उच्च प्रदूषण अवस्थाका लागि पूर्वसूचना, आपत्कालीन प्रतिक्रिया तथा जोखिम व्यवस्थापन प्रणाली विकास गर्ने।					
१०२	उच्च प्रदूषणको समयमा स्वास्थ्य सावधानी अपनाउन जोखिम नक्साङ्कन (Vulnerability Mapping) तथा लक्षित जोखिम सञ्चार संयन्त्र विकास गरी digital platform, social media, SMS मार्फत विशेष सूचना सम्प्रेषण गर्ने।	आवश्यकता अनुसार / १ वर्षभित्र	उच्च प्रदूषणको समयमा स्वास्थ्य सावधानी अपनाउन SMS जारी भएको हुने, सूचना प्रकाशन भएको हुने तथा संवेदनशील क्षेत्रको नक्साङ्कन तयार भएको हुने	का.म.पा. स्वास्थ्य विभाग	का.म.पा. सूचना तथा प्रविधि विभाग, का.म.पा. वातावरण व्यवस्थापन विभाग, वडा कार्यालय
१०३	AQI 300 पार भएपछि आपत्कालीन अवस्था/विपद्को रूपमा लिई नेपाल सरकार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) लाई प्रमुख जिम्मेवार निकायको रूपमा समन्वय गर्दै तथा पूर्वनिर्धारित आपत्कालीन प्रतिकार्य कार्यविधि (SOP) बमोजिम आवश्यकता अनुसार कार्य गर्ने।	आपतकालीन अवस्था	आपत्कालीन अवस्था प्रतिकार्य कार्यविधि लागू भएको तथा समन्वयात्मक कार्य सम्पन्न भएको विवरण	का.म.पा. विपत व्यवस्थापन विभाग	का.म.पा. वातावरण व्यवस्थापन विभाग, का.म.पा. नगर प्रहरी बल, जिल्ला प्रशासन कार्यालय, नेपाल सरकार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वडा कार्यालय

उल्लिखित कार्ययोजनाको क्रियाकलाप, समयावधि, सूचक, जिम्मेवार विभाग र सहयोगी निकाय सम्बन्धमा आवश्यकता अनुसार काठमाडौं महानगरपालिकाको वातावरण समितिको सिफारिसमा प्रमुखस्तरीय निर्णयबाट समयानुकुल थपघट हुन सक्नेछ ।

स्वीकृत मितिः